# ठगी आरोपमा फरार पक्राउ

**उद्घोष सम्वाददाता**
**दमौली, १३ साउन ।**
जिल्ला प्रहरी कार्यालय तनहुँले ठगी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बर्दिया बासगढी नगरपालिका-५ भोडिया स्थायी घर भई हाल तनहुँको व्यास नगरपालिका-१ अम्नेनी बस्ने ५० वर्षीय महेश गिरी नामले चिनिने मेघनाद गिरी रहेको प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिए।

हाम्रो हात नेपाल प्रालिमा शेयर लगानी गर्ने किसानलाई कृषि फार्ममा सहुलियत ऋणको प्रलोभन देखाइ २०७८ सालमा पुसमा व्यास नगरपालिका-१० अधेरीभञ्ज्याङका महिलाबाट रु सात लाख ५० हजार ठगी गरी फरार निजलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक खाँणले जानकारी दिए।

निजविरुद्ध महिलाले प्रहरी कार्यालयमा उजुरी दिएका थिए। पक्राउ परेका उनीविरुद्ध तनहुँ अदालतबाट शुक्रबार सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# पब्लिक क्याम्पसलाई मर्जरमा जान मुख्यमन्त्री पाण्डेको सुझाव

**काठमाडौं, १३ साउन ।**
गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामुदायिक (पब्लिक) क्याम्पसलाई मर्ज प्रक्रियामा जान सुझाव दिएका छन्। शनिबार पोखरामा नेपाल पब्लिक क्याम्पस संघ गण्डकी प्रदेशको अधिवेशन उद्घाटन गर्दै उनले भने विद्यार्थी संख्या घट्दै गएको अवस्थामा पब्लिक क्याम्पसहरु मर्जरमा जानु नै उपयुक्त हुने सुझाव दिएका हुन्।





'विद्यार्थी संख्या, लगानी सबैलाई हेर्दा पब्लिक क्याम्पसहरु मर्जर प्रक्रियामा अघि बढ्दा लगानी अनुसारको प्रतिफल आउन सक्छ', उनले भने। सरकारले उच्च शिक्षामा गरेको लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेको बताउँदै मुख्यमन्त्री पाण्डेले कसरी प्रतिफल निकाल्न सकिन्छ भन्ने विषयमा ध्यान दिनुपर्ने सुझाव दिए।

पब्लिक क्याम्पसहरुले शिक्षाको गुणस्तरमा ध्यान दिनुपर्ने, दक्ष युवा जनशक्ति विदेशिने क्रम रोक्न व्यवसायिक शिक्षा केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने मुख्यमन्त्री पाण्डेले बताए।

गण्डकी प्रदेश सरकारले चालु वर्ष सामुदायिक क्याम्पससँग प्रदेश सरकार कार्यक्रम सञ्चालन गर्ने नीति बनाएर कार्यक्रम सार्वजनिक गरिसकेको उनले बताए। 'सामुदायिक क्याम्पससँग प्रदेश सरकार' कार्यक्रम अन्तर्गत अहिले एक करोड ७५ लाख रुपैयाँ विनियोजन भएको छ', मुख्यमन्त्री पाण्डेले भने, 'चालु वर्ष नै यो रकम पाँच करोड पुऱ्याइनेछ।' प्राध्यापक, सञ्चालक समिति, विद्यार्थीहरुले महसुस गर्ने गरी पब्लिक क्याम्पसलाई सहयोग रहने मुख्यमन्त्री पाण्डेले बताए।

आफ्नो स्वामित्वमा जग्गा नहुँदा समस्या भएको पब्लिक क्याम्पसहरुको गुनासोपछि मुख्यमन्त्री पाण्डेले पब्लिक क्याम्पसहरुलाई आफ्नै स्वामित्वमा जग्गा ल्याउन सहज हुने गरी कानुन निर्माण गरिने बताए। साथै उनले सामाजिक सेवाको भावनाले क्याम्पस लगायत सार्वजनिक संस्थालाई जग्गा दान गर्दा दाताले तिर्नुपर्ने कर मिनाहा गर्ने कानुन आवश्यक भएको पनि बताए। *(अनलाइनखबर)*





## र्‍यापिड युनिक नेटवर्क प्रा.लि.

WiFi

व्यास-३, दमौली, तनहुँ
फोनः ०६५-५६५६२२, ५६५४२४

**सरर....... चल्ने र सस्तो र सही समयमा सेवा प्रदायक WiFi**

**Internet**

| Mbps | वार्षिक | अर्धवार्षिक | मासिक |
|---|---|---|---|
| 10 | 10000 | 5000 | 1000 |
| 20 | 12500 | 6250 | 1250 |
| 30 | 18500 | 9250 | 1850 |

- जडान चार्ज निशुल्क।
- प्रयोग हुने सामान सवै कम्पनीको रहनेछ।
- प्रत्येक mbps को मासिक दरमा जडान हुनेछ।

**IPTV** समेत जडान गर्नुपर्ने भएमा निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोला।
- प्रधान कार्यालय, दमौली ९८०१५५८६४५, ९८०१५५८६६०, ९८०१५५८६३०,
- डुम्रे ९८०१५५८६६२,
- आँबुखैरेनी ९८०१५५८६१६,
- भोर्लेटार ९८०१३२०४१३
- खैरेनीटार ९८०१३२०४१४

मात्र रु. १०००/- मा जडान


## भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भिमाद, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

## नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी दरखास्त आव्हान गरिएको सूचना।

***प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१४ गते***

प्रस्तुत विषयमा भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँमा आवश्यक नगर प्रहरी सेवा करारमा लिनको लागि गठित पदपूर्ति समितिको मिति २०८०/०४/११ गतेको बैठकबाट निर्णय भएकोले देहायका नगर प्रहरी पदमा खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक तपसिल वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका आवश्यक कागजातहरु निवेदक आफैले प्रमाणित गरी तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन दिन दरखास्त आहवान गरिन्छ।

*तपशिल*

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | काम गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|
| १ | २-२०८०/०८१ | नगर प्रहरी हवल्दार | १ | भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ |
| २ | ३-२०८०/०८१ | नगर प्रहरी जवान | १ | |

१. *आवश्यक न्युनतम योग्यता, अनुभव र कागजातहरुः-*
क. मान्यता प्राप्त शिक्षण संस्थावाट नगर प्रहरी हवल्दारको लागि दश जोड दुई उत्तीर्ण वा सो सरह र नगर प्रहरी जवानको लागि एस एल सी / एस इ इ वा सो सरह उत्तीर्ण भएको। (ग्रेडिङ पद्दतिको हकमा कन्तीमा १.६ जिपिए हासिल गरेको)
ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
ग. पासपोर्ट साइजको २ प्रति फोटो,
घ. दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, सेवा निवृत्त प्रहरी / सेनाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ तर कार्यरत नगर प्रहरीको हकमा उमेरको हद लाग्ने छैन
ङ. पुरुषको हकमा घटीमा ५ फिट २ इन्च र महिलाको हकमा घटीमा ५ फिट उचाई भएको,
च. छाति नफुलाउदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको,
छ. आखाको दृष्टी माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,
ज. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको (सिफारिस भै सके पछि नियुक्ति हुनु पूर्व प्रहरी कार्यालयमा बुझी यकिन गरिनेछ।
झ. कुनै राजनीतिक दल वा भातृ संगठनको सदस्य नरहेको, (स्वघोषणाको कागज संलग्न हुनुपर्ने)
२. ***दरखास्त दिने स्थानः*** भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद ६, तनहुँ।
३. ***दरखास्त दिने अन्तिम मितिः-*** २०८० श्रावण २८ गते आइतवार कार्यालय समय बेलुका ५ बजे भित्र।
४. ***सेवा सुविधाः*** सेवा करार सम्झौता बमोजिम हुनेछ।
५. ***दरखास्त दस्तुरः*** नगर प्रहरी हवल्दारको रु.४००। र नगर प्रहरी जवानको रु.३००।
६. ***छनौटको किसिमः*** प्रथम चरण प्रारम्भिक स्वास्थ्य परीक्षण, दोस्रो चरणः- शारीरिक तन्दुरुस्ती परीक्षण, तेस्रो चरणः- लिखित
***परीक्षा र चतुर्थ चरणः-*** अन्तरवार्ता।
७. सि.नं. ६ बमोजिमको शारीरिक तन्दुरुस्ती परीक्षा र लिखित परीक्षाको पाठ्यक्रम नेपाल प्रहरी प्रधान कार्यालयवाट जारी भएको प्रहरी जवान पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम अनुसार हुनेछ।
***पुनश्चः*** प्रत्येक चरणको परीक्षाको नतिजा प्रकाशन पछि उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ।

तनहुँ उद्घोष दैनिकको लागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल सम्पादकः इश्वरी प्रसाद ढकाल, व्यवस्थापकः सुर्यभक्त पौडेल, कार्यालय : व्यास नपा-२ अनशन चौतारी अगाडी दमौली, सम्पर्क : ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : विज्ञान पिर्न्टस, दमौली,